**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १४ सितम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. आज देशभरिमै हिन्दी दिवस मनाइन्दै छ |केन्द्रिय गृह एवं सहकारिता मन्त्री अमित शाहले आज एक्स ह्यान्डल पोस्टमा सम्पूर्ण देशवासीहरूलाई हिन्दी दिवसको शुभकामना दिनुभएको छ।

२. केंद्रीय कृषि एवम् किसान कल्याण मंत्री शिवराज सिंह चौहानले भन्नुभएको छ-खाद्य तेल, प्याज अनि बासमती चामलसित सम्बन्धित केंद्र सरकार द्वारा लिईएको निर्णय द्वारा कृषकहरु साथै ब्यापारीहरुलाई लाभ पुग्नेछ ।

३. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जी आज अचानक सल्टलेकस्थित, जूनियर डाक्टरहरूको धरनास्थल पुग्नुभयो अनि उनीहरूका सबै मागहरू माथि सहानुभूतिपूर्वक विचार गर्ने आश्वासन दिनुभयो।

४. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले करम पूजाको अवसरमा सबैलाई शुभकामना तथा बधाई दिनु भएको छ|

५. पश्चिम बंगालको कोलकाता लगाएत अन्य धेरै जिल्लाहरुमा आगामी 24 घण्टा भित्रमा गर्जन सहित भरि वर्षा हुने सम्भावना छ

|

**अमित शाह- शुभकामना**

आज देशभरिमै हिन्दी दिवस मनाइन्दै छ |केन्द्रिय गृह एवं सहकारिता मन्त्री अमित शाहले आज एक्स ह्यान्डल पोस्टमा सम्पूर्ण देशवासीहरूलाई हिन्दी दिवसको शुभकामना दिनुभएको छ। भारतीय जनता पार्टी (भाजपा) ले पनि एक्स पोस्टमा यस दिवसको मानिसहरूलाई शुभकामना प्रेषित गरेको छ । केन्द्रिय गृहमन्त्री शाहले आफ्नो टूईट् सन्देशमा भन्नुभएको छ- \u2018सबै भारतीय भाषा हाम्रो गौरव पनि हो अनि विरासत पनि, जसलाई समृद्ध नगरि हामी अगाडि बढ्न सक्दैनौं। राजभाषा हिन्दीको प्रतेक भारतीय भाषासँग अटूट सम्बन्ध छ। यस वर्ष हिन्दी भाषाले देशको राजभाषाको रूपमा जन संवाद र राष्ट्रिय एकताको ७५औं वर्ष पूरा गरेको छ। उहाले अझ भन्नुभयो ‘म विश्वस्त छु कि सबै भारतीय भाषाहरूलाई साथमा लिएर राजभाषा हिन्दीले विकसित भारतको संकल्पलाई चरितार्थ गर्ने दिशामा निरन्तर आफ्नो योगदान दिइरहनेछ।

****** ० ******

**CM हिन्दी दिवस**

हिन्दी दिवसको अवसरमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले शुभकामना दिनु भएको छ | उहाँले भनेकी छन्ए राज्यमा हिन्दी भाषी समुदायको विकासको लागि गरिएका प्रयासहरू गर्वको बिषय हो । मुख्यमन्त्रीले भन्नुभयो हामी सबै भाषाहरूको सम्मान गर्दछौं।उहाँले अझ भन्नु भयो , वर्ष २०११.पछि राज्यमा हिन्दी भाषी मानिसहरूको उत्थानको लागि केही महत्वपूर्ण कदमहरू उठाइएको छ जसमा हिन्दी अकादमीको स्थापनाए हिन्दी विश्वविद्यालय औ केही हिन्दी कलेजहरूको स्थापना जस्ता उपलब्धिहरू सामेल छन्। सुश्री बनेर्जीले यी उपलब्धिहरूमाथि गर्व व्यक्त गर्दै बताउनु भयो ए यसले राज्यको विकास अनि समावेशी संस्कृतिलाई दर्शाउँछ।

****** ० ******

**शिवराज सिंह चौहान**

खाद्य तेल, प्याज अनि बासमती चामलसित सम्बन्धित केंद्र सरकार द्वारा लिईएको निर्णय द्वारा कृषकहरु साथै ब्यापारीहरुलाई लाभ पुग्नेछ। केंद्रीय कृषि एवम् किसान कल्याण मंत्री शिवराज सिंह चौहानले आज सोशल मीडिया श्एक्सश्‌ मा भन्नुभयो कि मोदी सरकारको यी निर्णयहरुद्वारा कृषकहरुको आय बढ्नेछ अनि रोजगारको अवसर पनि बढ्नेछ। शिवराज सिंहले कृषकहरुको हितमा महत्वपूर्ण निर्णयहरु लिईएकोमा प्रधानमंत्री नरेन्द्र मोदीप्रति आभार व्यक्त गर्नुभयो। कृषि मंत्रीले आफ्नो पोस्टमा भन्नुभयो कि कृषकहरुको विकासको लागि प्रतिबद्ध मोदी सरकारले रिफाइंड ऑयलको मूल शुल्कलाई ३२.५ प्रतिशत सम्म बढ़ाउने निर्णय लिएको छ। इस निर्णयद्वारा रिफाइनरी तेलको लागि तोरी ए सुर्यमुखी अनि बदमको फसलहरुको मांग बढ्नेछ। मोदी सरकारले प्याजको निर्यात शुल्क ४० प्रतिशत देखि घटाएर २० प्रतिशत गरेको उहाले एक अन्य पोस्टमा जानकारी दिनुभएको छ । निर्यात शुल्क कम्ति भएपछि प्याज उत्पादक कृषकहरुलाई प्याजको राम्रो मूल्य प्राप्त हुनेछ अनि निर्यातमा बदोत्तेरी हुनेछ। उहाले एक अन्य पोस्टमा भन्नुभएको छ मोदी सरकारले बासमती चावलबाट न्यूनतम निर्यात शुल्क हटाउने निर्णय लिएको छ। यसले बासमती उत्पादक कृषकहरुलाई आफ्नो उत्पादको उचित मुल्य प्राप्त हुनेछ अनि बासमती चामलको मांग बढेपछि निर्यातमा पनि वृद्धि हुनेछ।

****** ० ******

**मुख्यमन्त्री-धरना**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जी आज अचानक सल्टलेकस्थित स्वास्थ्य भवन पुग्नुभयोए जहाँ आरजी कर मेडिकल कलेजमा भएको घटनाक्रमको विरोधमा जूनियर डाक्टरहरू धरनामा बसेका छन्। यस धरनामा सामेल डाक्टरहरूलाई सम्बोधित गर्दै उहाँले आफू मुख्यमन्त्रीको रूपमा होइनए तर दिदीको रूपमा त्यहाँ आएको बताउँदै उनीहरूका सबै मागहरू माथि सहानुभूतिपूर्वक विचार गर्ने आश्वासन दिनुभयो। मुख्यमन्त्रीको साथमा राज्यका पुलिस महानिदेशक राजीव कुमार पनि उपस्थित थिए। मुख्य मन्त्रि जब मञ्चमा पुग्नुभयो, धरना स्थलमा नाराबाजी जारी रह्यो र केही समयसम्म असमंजसको स्थिति देखियो। उहाले डाक्टरहरूलाई शान्त बस्ने र उनलाई बोल्ने अवसर दिने अपील गर्नुभयो।मुख्यमन्त्रीले जूनियर डाक्टरहरूलाई काममा फर्किने अपील गर्दै उनीहरूका सबै मागमाथि विचार गर्ने आश्वासन दिनुभयो। मुख्य मन्त्रीले भन्नुभयो-ए श्म एक्लै सरकार चलाउँदिन। म सबैसँग विचार विमर्श गर्छु। यदि कोही दोषी छ भने उसलाई सजाय दिइने छ। म सीबीआईसँग दोषीलाई कडा सजाय दिन अनुरोध गर्छु। तपाईहरू काममा फर्किनुहोस्ए म विश्वास दिलाउँछु गलत काम गर्नेहरू बाच्ने छैनन्।श्उहाले आरजी कर मेडिकल कलेजको रोगी कल्याण समिति पनि तत्काल भंग गर्दै नयाँ समिति गठन गर्ने वचन दिनुभएको छ। त्यसपछि जुनियर डाक्टरहरूले पनि आफ्नो अड़ान स्पष्ट पारेका छन्। उनीहरूले स्पष्ट रूपमा भनेका छन्, धरना अहिले समाप्त नभए पनि मुख्यमन्त्रीसित बैठक गर्न तयार छन्। यद्यपि जुनियर डाक्टरहरू अहिले पनि आफ्ना पाँच मागहरूमा अडिग छन्। धरनाको मञ्चमा मुख्यमन्त्रीको उपस्थिति पश्चात जुनियर डाक्टरहरूले भनेए ष्हामी आफ्ना पाँच सूत्रीय मागहरूलाई लिएर कुनै सम्झौता गर्नेछैनौं। हामी मुख्यमन्त्रीसित चाँड़ोभन्दा चाँड़ो बैठक गर्न चाहन्छौं। उहाको यस पहललाई हामी स्वागत गर्दछौं।

****** ० ******

**आरजी करकाण्ड- नयाँ मोड़**

आरजी करकाण्डलाई लिएर लगातार भइरहेको विरोध प्रदर्शनबीच पश्चिम बंगालको राजनीतिमा नयाँ मोड़ आएको छ। आन्दोलन गरिरहेका डाक्टरहरूमाथि आक्रमण गर्ने कथित षड़यन्त्रको एउटा अडियो भाइरल भएपछि पुलिसले आज सीपीएम युवा नेता कलतान दासगुप्तलाई पक्राउ गरेको छ। तृणमूल कंग्रेस नेता कुणाल घोषद्वारा हिज यो अडियो क्लिपलाई सार्वजनिक गरिएको थियो जसमा दुईजना मानिसहरूले आपस्तमा बातचित गर्दै आक्रमण गर्ने योजना बनाइरहेका छन्।पक्रा पर्ने कलदान दासगुप्ताले आफूमाथि लागेको आरोपलाई "षड़यन्त्र" बताउँदै साचो मुद्दादेखि ध्यान अर्कोतिर मोड़्ने प्रयास भैरहेको दाबी गरेका छन्।सीपीएमका राज्य नेतृत्वले कलतानको पक्राउको निन्दा गरेका छन्।

****** ० ******

**CM -करम पूजा**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले करम पूजाको अवसरमा सबैलाई शुभकामना तथा बधाई दिनु भएको छ|आदिवासी समुदायद्वारा मनाइने यो एक महत्वपूर्ण पर्व हो विशेष झारखण्डए ओडिशाए पश्चिम बंगालए असम अनि छत्तीसगढ़माा करम पूजा धूमधामले मनाइने गरिन्छ | यो पूजा भाइचाराए प्रकृति औ हरियालीप्रति आभार प्रकट गर्नेको प्रतीक हो। करम पूजा मुख्य रूपमा करम देवताको आराधनाको रूपमा मनाइन्छ जसलाई शक्ति, समृद्धि र कृषि देवताको रूपमा पूजिन्छ।करम पूजाका प्रमुख विधिहरूमा करम वृक्षको हाँगालाई पूजा स्थलमा ल्याइन्छ अनि सजाएर उसैको पूजा गरिन्छ।

****** ० ******

**अनित थापा - रंगबुल**

विगतको राजनीतिमा अरूलाई दोष दिने र दोष देखाउने हुँदा नै पहाड़ विकासदेखि वञ्चित भएर पछाडिएको हो भनी गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख अनित थापाले बताएका छन्। उहाले रंगबुल सार्वजनिक भवन उदघाटन समारोहमा मुख्य अतिथिको रूपमा बोल्दै यसो भन्नुभएको हो । उहाले भन्नुभयो- विकास प्रक्रिया हो र यो विस्तारै हुँदै जान्छ तर हामी विकासमा धेरै पछाडिएका छौं ।

****** ० ******

**कालेबुङ- अनलाइन पोर्टल**

कालेबुङ जिल्ला प्रशासनद्वारा - कालेबुङ टाउन हलमा एक कार्यक्रमको आयोजना गरि दुर्गा पुजा समितिका लागि अनलाइन पोर्टल सुरु गरिएको छ। कार्यक्रममा जिल्लापाल बालसुब्रमण्यम टीए ए डी एम समीरन मण्डलए एस पी श्रीहरि पाण्डेए ए एस पी पूर्णिमा शेर्पाए एस डी ओ सुमन मजुमदारए लागेत अन्य उपस्थित थिए। विशेषगरी पूजा पण्डल निर्माणका साथै विद्युत, दमकल, पुलिस आदि विभागमा पुजा समिति आफै गएर पुजा प्रक्रिया गर्नु पर्ने भएपनि यसपटक सबै पुजा समितिले अनलाइन प्रक्रियाबाटै पूरा गर्न सक्नेछन् । आज पूजा समितिका सबै सदस्यलाई टाउन हलमा बोलाएर जिल्ला प्रशासनले वेबसाइटको प्रक्रियाबारे पूर्ण जानकारी दिएको र सदस्यका प्रश्नको जवाफ पनि दिएको थियो । एएसपी पूर्णिमा शेर्पाले पूजा समितिलाई सीसीटिभी जडान गर्ने अपिल गर्दै कुनै अप्रिय घटना भएको खण्डमा तुरुन्त पुलिसलाई खबर गर्ने आग्रह गर्नुभयो । उहाले सबै पूजा समितिहरूलाई सतर्क रहेर पूजा गर्ने अपील पनि गर्नुभयो।

****** ० ******

**दाह संस्कार गृह शिलान्यास**

मिरिक महकुमाको मरमा चियाबारी डाँडा धुराको नजिक दाह संस्कार गृह ( मुर्दा हट्टी) को शिलान्यास गरियो। लामा ज्ञान बहादुर गोले उर्फ पाराङ लामाको मन्त्रोच्चारणको साथमा क्षेत्रीय सभासद मिलेश राईको प्रमुख उपस्थितिमा उक्त कार्यको शिलान्यास गरियो। यस अवसरमा मरमा चियाबारीका प्रबन्धक राजेन्द्र चौधरी विशेष रूपमा उपस्थित थिए । यसबाहेक अन्य गन्यमाण्य व्याक्तिको उपस्थिति रहेको थियो। कार्यक्रमपछि पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा क्षेत्रीय सभासद मिलेश राईले मरमा डाँडाधुरावासी अनि नयाँकमानका माथिल्लो भेकका मानिसहरूलाई मुर्दा हट्टी निर्माणपछि मृत देहको दाह संस्कार गर्न सहज हुने बताएका छन्। उनले यसका लागि जमिन उपल्ब्ध गराइदिए वापत चियाबारी प्रबन्धक पक्षप्रति आभार पनि प्रकट गरे। उनले यसको निर्माण कार्य पञ्चायत रूरल विकास मार्फत भएको जसको लागत लगभग तीन लाख सत्ततहर हजार रूपियाँ रहेको बताए। यसका साथै यसको निर्माण कार्य आजदेखि नै शुरू गरेर बीस दिन भित्रमा निर्माण कार्य पूरा गर्ने लक्ष्य राखेको पनि उनले बताएका छन्। अर्कोतिर गाउँवासीको पक्षबाट बोल्दै कपिल छेत्रीले आफूहरूले मुर्दा हट्टी हुनु पर्ने अवस्यक्ता धेरै अघिदेखि नै गर्दै आइरहेको भए तापनि यसको निर्माण गर्न नसकिरहेको अवस्थाबीच सभासद मिलेश राईको पहलमा यो कार्यको थालनी भएकोमा सम्पूर्ण गाउँवासीको पक्षबाट सभासद राई प्रति आभार प्रकट गरे।

****** ० ******

**पश्चिम बंगाल मौसम**

पश्चिम बंगालको कोलकाता लगायत धेरै जिल्लामा मेघगर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ।आगामी २४ घण्टामा पश्चिम बङ्गालको मौसम परिवर्तन हुने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । मौसम विभागले शनिबार जारी गरेको विज्ञप्ति अनुसार पश्चिम बंगालको केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । कोलकाता बाहेक पश्चिम बंगालका अन्य जिल्लाहरूमा पनि मौसमको प्रभाव पर्न सक्छ। हावडा, हुगली, दक्षिण २४ परगना र उत्तर २४ परगना जस्ता जिल्लाहरूमा पनि

भारी वर्षाको भविष्यवाणी गरिएको छ। यी जिल्लामा हावाहुरी र चट्याङसहित भारी वर्षाको सम्भावना रहेकोले तराईका भूभागमा पानी जम्ने र यातायात अवरुद्ध हुने सम्भावना रहेकोले सतर्कता अपनाउन आग्रह गरिएको छ । उत्तर बंगालका जिल्लाहरूमा पनि वर्षा जारी रहने अनुमान गरिएको छ । दार्जिलिङ  अनि जलपाईगुडी क्षेत्रहरूमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ, समतल क्षेत्रमा नदी तथा खोलाको पानीको बहाव बढ्ने सम्भावना रहेको छ ।

****** ० ******